# स्थानीय राजपत्र

कागेश्वरी मनोहरा नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १ मितिः २०८२।४।५

**भाग — २**

## कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं, वागमती प्रदेश, नेपाल

## वृत्ति मार्ग निर्देशन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१

# वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावनाः**

वृत्ति, रोजगारी, सीप तथा जीवनपर्यन्त सिकाइलाई श्रम बजारको आवश्यकता, वैयक्तिक रुचि, खुवि र क्षमताअनुसार दिगो, मर्यादित र व्यवस्थित रुपमा मार्ग निर्देशित गर्न युवा, विद्यार्थी, वैदेशिक रोजगारबाट फर्किएका कामदार तथा उनीहरूका परिवार, विद्यालय, स्थानीय क्लब, युवासँग सम्बन्धित संघ/संस्थालाई सूचना, परामर्श, वृत्ति एवं मार्गनिर्देशन सेवा प्रदान गर्ने उद्देश्यका साथ कागेश्वरी मनोहरा नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी **वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१** स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "**वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि**" **२०८१** रहेको छ ।

(२) यो कार्यविधि कागेश्वरी मनोहरा नगरपालिकाको नगर कार्यपालिका बैठकले पारित गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "**प्रमुख**" भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको नगर प्रमुख भन्ने सम्झनु पर्दछ ।

(ख) "**उपप्रमुख**" भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको नगर उपप्रमुख भन्ने सम्झनु पर्दछ ।

(ग) "**नगरपालिका**" भन्नाले कागेश्वरी मनोहरा नगरपालिका सम्झनु पर्दछ ।

(घ) "**सामाजिक विकास कार्यालय**" भन्नाले सामाजिक विकास मन्त्रालय अन्तर्गतका विभिन्न कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालय मातहतमा स्थापना भएको कार्यालयलाई सम्झनु पर्छ ।

(ङ) "**कामदार**" भन्नाले उद्योग, व्यवसायको उत्पादन वा सेवा प्रदान गर्ने कार्य तथा त्यस्तो कार्यसँग सम्बन्धित अरु कुनै आकस्मिक काम गरे बापत पारिश्रमिक दिई काममा लगाइएको व्यक्ति सम्झनु पर्दछ ।

(च) "**डाटावेस प्रणाली**" भन्नाले वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी परामर्शको लागि आएका सेवाग्राहीहरूको विवरण र रोजगारदाताहरूले प्रदान गर्ने सेवा तथा आवश्यक जनशक्तिसम्बन्धी विवरण राख्ने अनलाइन प्रणालीलाई सम्झनु पर्दछ।

(छ) "**मन्त्रालय**" भन्नाले बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई सम्झनु पर्दछ।

(ज) "**निर्देशक समिति**" भन्नाले यस कार्यविधिको परिच्छेद ४ को दफा ८(१) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

(झ) "**निर्देशन पुस्तिका**" भन्नाले विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनका लागि तयार गरिएको पुस्तिकालाई सम्झनु पर्दछ।

(ञ) "**युवा**" भन्नाले उच्च शिक्षा वा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम हासिल गर्ने वा रोजगारीको खोजीमा रहेका युवालाई सम्झनु पर्दछ।

(ट) "**रोजगार सेवा केन्द्र**" भन्नाले बागमती प्रदेशअन्तर्गत स्थानीय सरकारको मातहत सञ्चालनमा रहेका रोजगार सेवा केन्द्रलाई सम्झनु पर्दछ।

(ठ) "**विद्यार्थी**" भन्नाले विद्यालयमा कक्षा ८ वा सो भन्दा माथिल्ला कक्षामा अध्ययनरत विद्यार्थीलाई सम्झनु पर्दछ ।

(ड) "**विद्यालय/शैक्षिक संस्था**" भन्नाले सामुदायिक र संस्थागत विद्यालय, प्राविधिक शिक्षालय, क्याम्पस तथा मान्यता प्राप्त तालिम प्रदायक संस्थालाई सम्झनु पर्दछ।

(ढ) "**वृत्ति** " भन्नाले आफ्नो ज्ञान, सीप र क्षमताको प्रयोग गरी कुनै पनि नियमित, आयमूलक र जीवनयापन गर्न सकिने पेसा वा व्यावसायलाई सम्झनु पर्दछ।

(ण) "**वृत्ति जानकारी पुस्तिका**" भन्नाले विभिन्न वृत्तिहरूको बारेमा विस्तृत रुपमा तयार गरिएको पुस्तिकालाई सम्झनु पर्दछ ।

(त) "**वृत्ति मार्गनिर्देशन सहजकर्ता**" भन्नाले वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्नको लागि तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ।

(थ) "**वृत्ति मार्गनिर्देशन शिक्षक**" भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयका तोकिएबमोजिम प्रशिक्षक प्रशिक्षण तालिम लिएका शिक्षकलाई सम्झनु पर्दछ।

(द) "**वृत्ति मार्गनिर्देशन सेवा**" भन्नाले युवा, विद्यार्थी, वैदेशिक रोजगारबाट फर्किएका कामदारलाई वृत्ति मार्गनिर्देशन/परामर्शको लागि यस कार्यविधिअनुसार प्रदान गरिने सेवालाई सम्झनु पर्दछ।

(ध) "**स्थानीय क्लब/संघ/संस्था**" भन्नाले बागमती प्रदेशभित्र नियमानुसार दर्ता भई स्थानीय तह/स्तरमा सञ्चालनमा रहेका युवा क्लब, स्वयंसेवामुलक/सेवामूलक संस्थाहरूलाई सम्झनु पर्दछ।

(न) "**स्थानीय सरकार**" भन्नाले कागेश्वरी मनोहरा नगरपालिका, डाँछी, थली, काठमाडौंलाई सम्झनु पर्छ ।

(न्न) **स्थानीय तहमा "वृत्ति मार्गनिर्देशन सेवा ईकाइ**" भन्नाले स्थानीय तह मार्फत प्रदान गरिने सम्पूर्ण वृत्ति मार्गनिर्देशन सेवा व्यवस्थापनका लागि स्थापना गरिने ईकाइ सम्झनु पर्छ ।

(प) "**विद्यालय स्तरमा करियर ल्याब** (Career Lab)" भन्नाले विद्यालय तहमा सञ्चालन हुने वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनमा सहजीकरणको लागि स्थापना हुने ल्याब सम्झनु पर्छ।

## परिच्छेद-२
## उद्देश्य र लक्षित वर्ग

३. **उद्देश्य:** स्थानीय सरकारद्वारा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन गर्नुको मुख्य उद्देश्य देहायबमोजिम रहको छः

(१) विद्यालयमा कक्षा ८ देखि १० सम्मका विद्यार्थीहरूले वृत्तिको अवधारणाहरूको बारेमा जानकारी पाउनेछन् ।

(२) विद्यार्थीहरूले आफ्नो रुचि, खुवि र क्षमता अनुसारको वृत्तिको छनोट तथा सोको तयारी गर्ने सम्बन्धी जानकारी पाउनेछन् ।

(३) विद्यार्थीहरूले क्षमता र छनौट गरको वृत्तिको आधारमा लक्ष्य तय गरी व्यक्तिगत योजना बनाउन सक्षम हुनेछन् ।

(४) युवाहरूले आफ्नो वृत्ति विकासका लागि उनीहरूको पेसागत रुचि, व्यक्तिगत रुचि र व्यवहारको शैलीको आधारमा सामुहिक तथा व्यक्तिगत परामर्श प्राप्त गर्नेछन् ।

(५) युवाहरूले श्रम बजारअनुसार योग्य जनशक्ति तयारीको लागि व्यक्तिगत विवरण (CV), अन्तर्वार्ताको तयारी तथा योग्यता जाँचबुझ गर्न सिक्नेछन् ।

(६) विद्यार्थी तथा युवाहरू विद्यमान श्रम बजारको सम्भावना बारे जानकार हुनेछन् ।

(७) विद्यार्थी तथा युवाहरूले कागेश्वरी मनोहरा नगरपालिकाभित्र रहेका विभिन्न प्राविधिक तथा व्यवसायिक तालिम सञ्चालन गराउने संस्था र त्यस्ता संस्थामा तालिमका लागि आवश्यक पर्ने आधारभूत कुराहरूबारे जानकारी प्राप्त गर्नेछन् ।

४. **लक्षित वर्ग** : सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका कक्षा ८ देखि १० सम्मका विद्यार्थीहरू र विद्यालयको पहुँचमा नरहेका सीप सिक्न चाहेका/बेरोजगार युवाहरू वृत्ति मार्गनिर्देशन कार्यक्रमको लक्षित वर्ग हुनेछन् ।

## परिच्छेद-३

## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी व्यवस्था

५. **वृत्ति मार्गनिर्देशन सेवा इकाइ स्थापनाः**

(क) वृत्ति मार्गनिर्देशन सेवासम्बन्धी गुणस्तरीय एवं प्रभावकारी सूचना, परामर्श प्रदान गर्नको लागि यस नगरपालिका मातहतमा **वृत्ति मार्गनिर्देशन सेवा इकाइ** स्थापना गरी उक्त इकाइको सहजीकरणमा विद्यालय र स्थानीय उद्योग/व्यवसाय तथा युवा सञ्जालबाट वृत्ति मार्गनिर्देशन सेवा प्रदान गरिनेछ।

(ख) सोसम्बन्धी कार्यको व्यवस्थापनका लागि नगरपालिकाले मातहतको कार्यालयमा वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन गर्न क्षमता अभिवृद्धिका लागि व्यवस्था गर्नेछ ।

(ग) **वृत्ति मार्गनिर्देशन सेवा इकाइ**को भौतिक संरचना **अनुसूची ३** मा उल्लेख भएबमोजिम हुनेछ ।

(घ) **वृत्ति मार्गनिर्देशन सेवा इकाइ**को सञ्चालन तथा व्यवस्थापन परिच्छेद ४ मा उल्लेख भएको समिति र सो समितिको काम, कर्तब्य र अधिकारअनुसार हुनेछ ।

६. **वृत्ति मार्गनिर्देशन सेवा इकाइ अन्तर्गत प्रदान गरिने सेवा**ः (१) वृत्ति मार्गनिर्देशन सेवा इकाइअन्तर्गत प्रदान गरिने सेवा देहायअनुसार हुनेछः

(क) वृत्ति मार्गनिर्देशन सम्बन्धी सूचना, जानकारी एवं परामर्श सेवा ।

(ख) वृत्ति, सीप, रोजगारी तथा जीवनपर्यन्त सिकाई सम्बन्धी सूचनामूलक सामग्रीको उत्पादन, प्रशारण, प्रकाशन, प्रवोधीकरण तथा वितरणसम्बन्धी सेवा ।

(ग) कामको खोजीमा रहेका युवा, विद्यार्थी, कामदार, शैक्षिक संस्थाको तथ्याङ्क, विवरणको संकलन, तालिकीकरण तथा विश्लेषण सम्बन्धी सेवा ।

(घ) विद्यार्थी/युवाहरूलाई साधारण, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम सम्बन्धी सेवा

(ङ) स्थानीय तहको रोजगार सेवा केन्द्र/विद्यालय, सीप विकास इकाइबाट प्रदान हुने सेवासँग एकीकृत हुने गरी आवश्यक समन्वय र सहकार्य सम्बन्धी सेवा ।

(च) श्रम बजारअनुसार योग्य जनशक्ति तयारीको लागि व्यक्तिगत विवरण (CV), अन्तर्वार्ताको तयारी तथा योग्यता जाँचबुझ कार्यहरू सम्बन्धी सेवा ।

(छ) सूचना, तथ्याङ्क तथा कार्य विवरणमा प्रविधिको माध्यमबाट सर्वसाधारणको पहुँच र उपयोगिता अभिबृद्धिसम्बन्धी सेवा ।

(ज) पारस्पारिक सिकाई तथा अनुभवको आदानप्रदान सम्बन्धी सेवा ।

(२) माथि उल्लेखित सेवाहरूको प्रक्रियागत विवरण अनुसूची १ अनुरुप गर्न सकिनेछ ।

७. **सेवा प्रवाहको प्रक्रिया:**

(१) विभिन्न प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम सञ्चालन गर्ने शिक्षालय, विद्यालय, सीप विकास इकाइ तथा शिक्षा तथा वृत्ति विकास सम्बन्धी काम गर्ने संघ/संस्था मार्फत वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्न अवलम्वन गर्ने प्रकिया निम्नानुसार हुनेछः

(क) वृत्ति मार्गनिर्देशन/परामर्श सेवा सञ्चालनको विभिन्न विधि, पद्धति, सामग्री तथा उपकरणहरूमार्फत लक्षित समूहको लागि प्रदान गरिने सेवाको पहिचान गर्ने ।

(ख) सीप, वृत्ति आंकलन/जाँचबुझ बिधि र औजारको विकास गर्ने ।

(ग) रुचि र खुबीको तथ्याङ्क/जाँचबुझ तथा आँकलन गर्ने ।

(घ) विद्यार्थी/युवावर्ग, विभिन्न व्यक्ति तथा सेवाग्राहीहरूलाई वृत्ति मार्ग-निर्देशन/परामर्श सेवा प्रदान गर्नको लागि स्तरीय आचारसंहित तथा मापदण्ड तय गर्ने ।

(ङ) प्रदेशबाट तयार गरिएको अडियो तथा भिडियो सामग्रीको प्रयोग तथा आवश्यकताअनुसार थप सामग्रीको विकास गर्ने ।

(च) अन्तरक्रियात्मक सिकाई विधिहरू सञ्चालन गर्ने ।

(छ) प्रदेशबाट तयार गरिएको अनलाइन जाँच गर्ने विधिहरू लागू गर्ने ।

(ज) प्रदेशबाट तयार गरिएको साइकोमेट्रीक जाँच तथा आचरण/योग्यता जाँचको लागि विभिन्न बिधि/औजार (Tools) विकास गर्ने ।

(झ) अनलाइन डिजिटल प्लेटफर्म मार्फत सेवाको विस्तार तथा लक्षित वर्गको पहुँच बढाउने ।

(ञ) स्थानीय तह मातहतका कार्यालयहरूबाट वृत्ति मार्गनिर्देशन सेवा उपलब्ध गराउने ।

(ट) वृत्ति मार्गनिर्देशन सेवालाई सूचना तथा प्रविधिको माध्यमबाट सञ्जालीकरण गर्ने ।

(२) वृत्ति मार्गनिर्देशन सेवा प्रवाह/सञ्चालनको ढाँचा अनुसूची २ मा उल्लेख गरिएको छ ।

## परिच्छेद - ४

## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी संरचनात्मक व्यवस्था

८. **वृत्ति मार्गनिर्देशक समिति:** (१) वृत्ति मार्गनिर्देशन सेवा इकाइमार्फत प्रदान हुने सेवालाई व्यवस्थित रुपमा मार्गनिर्देशन प्रदान गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ:

(क) नगर उप-प्रमुख - संयोजक

(ख) सामाजिक विकास समिति संयोजक - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) लेखा शाखा प्रमुख वा प्रतिनिधि - सदस्य

(ङ) प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठित निर्देशक समितिले आवश्यकताअनुसार विभिन्न विद्यालय/शैक्षिक संस्थाका प्रतिनिधि तथा विज्ञहरूलाई आवश्यकताको आधारमा आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित निर्देशक समितिको बैठक कम्तिमा प्रत्येक ३/३ महिनामा वा आवश्यकताअनुसार जुनसुकै समयमा बैठक बस्न सक्नेछ । वृत्ति मार्गनिर्देशक समितिको बैठकसम्बन्धी कार्यविधि समिति आँफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम गठित निर्देशक समितिको बैठक बसेकाबखत पाउने बैठक भत्ता, खाजा/खाना खर्च स्थानीय सरकारको प्रचलित नियमबमोजिम हुनेछ ।

**९. <u>वृत्ति मार्गनिर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>**

(१) वृत्ति मार्गनिर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) वृत्ति मार्गनिर्देशक सेवा सञ्चालनको ढाँचा र स्वरूप सम्बन्धमा आवश्यक मार्गनिर्देशन गर्ने ।

(ख) स्रोत परिचालनको लागि स्थानीय तह मातहतको स्रोत, कार्यालय, गैर सरकारी संस्था क्षेत्र तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने ।

(ग) स्थानीय तहभित्र सञ्चालन हुने वृत्ति मार्गनिर्देशन सेवाको लागि सरोकारवालाहरूबीच आवश्यक समन्वय र सहकार्य गर्ने ।

(घ) सञ्चालित सेवाको अनुगमन तथा मूल्याङ्कन एवं आवश्यक सुधारको लागि निर्देशन गर्ने ।

(ङ) वृत्ति मार्गनिर्देशन सेवाका सिकाई तथा अनुभवहरूलाई स्थानीय नीति, नियम तथा कार्यविधि निर्माण गर्नको लागि प्रेरित गर्ने/गराउने |

(च) स्थानीय तहअन्तर्गत वृत्ति मार्ग निर्देशनसम्बन्धी कार्य सञ्चालनको लागि बार्षिक कार्ययोजना निर्माण गरी सोको कार्यान्वयन गर्ने।

**१०.<u>वृत्ति मार्गनिर्देशन सेवा कार्यन्वयन समितिः</u>** (१) वृत्ति मार्गनिर्देशन सेवा इकाइबाट प्रदान हुने सेवालाई गुणस्तरीय र प्रभावकारी कार्यान्वयनको लागि देहाय बमोजिमको **वृत्ति मार्गनिर्देशन सेवा कार्यन्वयन समिति** रहनेछः

| | | |
|---|---|---|
| (क) | प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा | - संयोजक |
| (ख) | रोजगार संयोजक | - सदस्य |
| (ग) | सामुदायिक माध्यमिक विद्यालयको प्रधानाध्यापक मध्येबाट समितिले मनोनयन गरेको १ जना प्रधानाध्यापक | - सदस्य |
| (घ) | सामुदायिक माध्यमिक विद्यालयको वृत्ति मार्गनिर्देशन शिक्षकहरू मध्येबाट समितिले मनोनयन गरेको १ एक जना महिला शिक्षक | - सदस्य |
| (ङ) | स्थानीय युवा विकास क्षेत्रमा क्रियाशील संघ/संस्थामध्ये १ जना प्रतिनिधि | - सदस्य |
| (च) | स्थानीय उद्योग/व्यावसाय संघ/महासंघ मध्ये १ जना प्रतिनिधि | - सदस्य |
| (छ) | शिक्षा, युवा तथा खेलकुद शाखामा वृत्ति मार्गनिर्देशन सेवा इकाइ हेर्न तोकिएको शिक्षा अधिकृत (फोकल पर्सन) | - सदस्य-सचिव |

(२) प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम क्षेत्र र वृत्ति मार्ग निर्देशन सेवामा क्रियाशील संघ/संस्थाको प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ।

**११.<u>वृत्ति मार्गनिर्देशन सेवा कार्यन्वयन समितिको काम, कर्तव्य र अधिकारः</u>**

(१) वृत्ति मार्गनिर्देशन सेवा/कार्यक्रम स्थानीय तहमा सञ्चालनको लागि कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) स्थानीय तहमा वृत्ति मार्गनिर्देशन कार्यक्रमको योजना तर्जुमा गरी सञ्चालनमा सहयोग गर्ने ।

(ख) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि प्राथमिकताको आधारमा छनौट कार्य गर्ने ।

(ग) विद्यालयहरूमा वृत्ति मार्गनिर्देशन इकाइ स्थापना, व्यवस्थापन तथा आवश्यक अभिमुखीकरण कार्यको लागि सहजीकरण गर्ने ।

(घ) वृत्ति मार्गनिर्देशन सेवा/कार्यक्रमको विस्तारको लागि आवश्यक श्रोत तथा जनशक्तिको व्यवस्थापनको लागि सहजीकरण गर्ने ।

(ङ) वृत्ति मार्गनिर्देशन सेवासम्बन्धी कार्यक्रमहरूको एकरुपता तथा गुणस्तरीयताको लागि सरोकारवालाहरूबीच आवश्यक समन्वय र सहकार्य गर्ने ।

(च) विद्यालयमा वृत्ति परामर्श/मार्गनिर्देशन व्यवस्थापन सीप (Career Management Skills) सम्बन्धी कार्यहरू सञ्चालन गर्ने ।

(छ) वृत्ति मार्गनिर्देशन शिक्षक मार्फत विद्यालयमा विद्यार्थीहरूको ज्ञान, सीप, क्षमता विकासलाई श्रम बजारसँग आबद्ध गर्ने गरी आवश्यक वृत्ति विकासको लागि सहजीकरण गर्ने ।

(ज) शिक्षा, तालिम तथा वृत्ति विकाससम्बन्धी काम गर्ने संघ/संस्था सँग समन्वय गरी एकीकृत रुपमा कार्य सञ्चालनमा टेवा पुर्‍याउने ।

(झ) संचालित सेवाको अनुगमन तथा मूल्याङ्कन गरी तथ्याङ्क तथा विवरणको अनलाइन तथा अफलाइन अभिलेखीकरण गर्ने ।

(ञ) वृत्ति मार्गनिर्देशन सेवा प्रवाहको लागि सम्वन्धित सरोकारवालाहरू (शिक्षक, विद्यार्थी, स्थानीय सरकार र उद्योग)सँग समन्वय गर्ने ।

(ट) शिक्षकहरूका लागि वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनसम्बन्धी तालिम, पुनर्ताजगी तालिमको लागि सहयोग र सहजीकरण गर्ने ।

(ठ) युवा तथा अन्य सेवाग्राहीलाई वृत्ति विकाससम्बन्धी जानकारीको लागि भौतिक वा अनलाइनको माध्यमबाट वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्ने ।

(ड) वृत्ति मार्गनिर्देशन/परामर्श तथा रोजगाार मेला आयोजनाको लागि समन्वय तथा सहयोग गर्ने ।

(ढ) स्थानीय तहको समन्वयमा वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन तथा सुपरिवेक्षण गर्ने र आवश्यक पृष्ठपोषण र सल्लाह सुझाव दिने ।

(ण) विभिन्न कार्यक्रमको माध्यमबाट वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रमबारे वृहत रुपमा प्रचार प्रसार गर्ने ।

## परिच्छेद ५
## करियर ल्याव (Career Lab) सम्बन्धी व्यवस्था

१२. **विद्यालयस्तरमा करियर ल्याब (Career Lab) स्थापना:**

(क) विद्यालय तहमा वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रम गुणस्तरीय एवं प्रभावकारी रुपमा सञ्चालन गर्न र वृत्ति मार्गनिर्देशन सेसनमा सहभागी भएका विद्यार्थीहरूलाई व्यवहारिक प्रदान गर्न विद्यालय मातहतमा करियर ल्याब (Career Lab) स्थापना गरिनेछ ।

(ख) करियर ल्याब (Career Lab) स्थापनाको लागि आवश्यक भौतिक संरचना र सञ्चालन गर्न आवश्यक क्षमता अभिवृद्धिका लागि नगरपालिकाले समन्वय र सहजीकरण गर्नेछ ।

(ग) वृत्ति मार्गनिर्देशन सेवा इकाइको भौतिक संरचना अनुसूची ३ मा उल्लेख भएबमोजिम हुनेछ ।

१३. **करियर ल्याब (Career Lab) सेवा इकाइ संचालक समिति गठन:** (१) विद्यालयमा वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रम गुणस्तरीय र प्रभावकारी कार्यान्वयन तथा सेवा प्रदानको लागि विद्यालयस्तरमा देहाय बमोजिमको करियर ल्याब (Career Lab) संचालक समिति गठन गरिनेछः

(क) विद्यालयका प्रधानाध्यापक/प्रिन्सिपल (सामुदायिक/संस्थागत) - संयोजक

(ख) विद्यालय व्यवस्थापन समितिबाट तोकिएको १ जना वि.व्य.स. सदस्य - सदस्य

(ग) अतिरिक्त क्रियाकलापको लागि विद्यालयबाट तोकिएको शिक्षक - सदस्य

(घ) बाल क्लबको अध्यक्ष वा प्रतिनिधि - सदस्य

(ङ) वृत्ति मार्गनिर्देशन शिक्षकहरू मध्ये विद्यालयले तोकेको १ जना फोकल पर्सन - सदस्य-सचिब

(२) उपदफा (१) बमोजिम गठित करियर ल्याब (Career Lab) संचालक समितिको आवश्यकताअनुसार विभिन्न विद्यालय/शैक्षिक संस्थाका प्रतिनिधि तथा विज्ञहरूलाई आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम मनोनित सदस्यको हकमा आवश्यकताअनुसार पदाधिकारीको जिम्मेवारी परिवर्तन गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम गठित करियर ल्याब (Career Lab) संचालक समितिको बैठक कम्तीमा प्रत्येक २ महिनामा १ पटक बस्नुपर्नेछ । तर आवश्यकताअनुसार जुनसुकै बेला बैठक बस्न सक्नेछ ।

**१४. विद्यालयस्तरमा करियर ल्याब (Career Lab) संचालक समितिको काम, कर्तव्य र अधिकारः**

(१) यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त **करियर ल्याब (Career Lab) संचालक समिति**को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विद्यालयस्तरमा स्थापना हुने करियर ल्याब (Career Lab) को सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(ख) करियर ल्याब (Career Lab) को लागि समय सापेक्ष आवश्यक हुने सामग्रीहरू व्यवस्थापन गर्दै अद्यावधिक गर्ने ।

(ग) वृत्ति मार्गनिर्देशनको सन्दर्भमा व्यक्तिगत र सामुहिक परामर्शको लागि व्यवस्थापन गर्ने ।

(घ) विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम दिगोरूपमा सञ्चालन गर्नको लागि पहल गर्ने ।

(ङ) आवश्यकताअनुसार विद्यालयमा वृत्ति मार्गनिर्देशन सेवा र वृत्ति मार्गनिर्देशनसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापहरू सञ्चालन र व्यवस्थापन गर्ने ।

(च) वृत्ति मार्गनिर्देशन कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र समिक्षा गरी गुणस्तर अभिवृद्धि गर्ने सम्बन्धमा आवश्यक सुझाव र पृष्ठपोषण दिने ।

(छ) वृत्ति मार्गनिर्देशन शिक्षकको क्षमता अभिवृद्धिको लागि स्थानीय सरकार, प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गर्ने ।

(ज) वृत्ति मार्गनिर्देशन सेवाको स्थानीय शैक्षिक क्यालेण्डरमा अन्य क्रियाकलापहरूलाई मिलान गरी सेवा प्रवाहको लागि आवश्यक समन्वय र सहकार्य गर्ने ।

(झ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी कार्यलाई गुणस्तरीय र प्रभावकारी कार्यान्वयनको लागि आवश्यकताअनुसार स्थानीय सरकार र प्रदेश सरकारसँग समन्वय र सहजीकरण गर्ने ।

## परिच्छेद ६

## वृत्ति मार्गनिर्देशन सहजकर्ता, वृत्ति मार्गनिर्देशक शिक्षकसम्बन्धी व्यवस्था

**१५. वृत्ति मार्गनिर्देशन सहजकर्ताको काम, कर्तव्य र अधिकारः**

(१) वृत्ति मार्गनिर्देशन सहजकर्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विद्यार्थी/युवालाई सामुहिक र व्यक्तिगत रुपमा वृत्ति मार्गनिर्देशनसम्बन्धी निर्देशन/परामर्श सेवा प्रदान गर्ने ।

(ख) सेवाग्राहीहरूको तथ्याङ्क सूचनाहरू संकलन गरी सुरक्षित राख्ने ।

(ग) सेवा प्रदान गर्ने कक्षलाई व्यवस्थित गरेर राख्ने ।

(घ) आवश्यक सामग्रीहरू सुरक्षितसाथ मिलाएर राख्ने ।

(ङ) वृत्ति मार्गनिर्देशन सेवासँग सम्बन्धित सम्पूर्ण अभिलेखहरू सुरक्षित रुपमा राख्ने ।

(२) वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्नको लागि थप जनशक्ति वृत्ति मार्गनिर्देशन संयोजक/सहजकर्ता छनौटको मापदण्ड अनुसूची ५ बमोजिम हुनेछ ।

१६. **वृत्ति मार्गनिर्देशक शिक्षकको काम, कर्तव्य र अधिकार:** (१) वृत्ति मार्गनिर्देशन शिक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) प्रधानाध्यापक/विद्यालय व्यवस्थापन समितिसँग छलफल गरी वृत्ति मार्गनिर्देशन कार्यक्रमको योजना बनाउने र सम्बन्धित सरोकारवालाहरूलाई पठाउने ।

(ख) वृत्ति मार्गनिर्देशन गाइड बुकअनुसार विद्यार्थीहरूलाई वृत्ति मार्गनिर्देशन सत्रहरू सञ्चालन गर्ने ।

(ग) विद्यालयमा हुने वृत्ति मार्गनिर्देशन बारे अभिभावक तथा अन्य सरोकारवालाहरूसँग छलफल र समन्वय गर्ने ।

(घ) वृत्ति मार्गनिर्देशन सत्रका सबै कागजातहरू अद्यावधिक गरी दुरुस्त राख्ने ।

(ङ) विद्यार्थीहरूले कार्यक्रममा कार्यपुस्तिका सही तरिकाले भरेको सुनिश्चित गर्ने र निर्देशन पुस्तिकाअनुसार सत्रको समयमा विद्यार्थीहरूलाई सहजीकरण गर्ने ।

(च) वृत्ति मार्गनिर्देशन सत्र समापन प्रतिवेदन तयार गरी खर्चको बिल, भर्पाइसहित निकासाको लागि सम्बन्धित स्थानीय तहमा पेश गर्ने ।

(छ) विद्यार्थीहरूको व्यक्तिगत विवरणसहित छनौट गरेका वृत्तिहरू डाटाबेसमा प्रविष्ट गर्ने ।

(ज) वृत्ति मार्गनिर्देशन कर्यक्रमको सबै सत्रहरूमा विद्यार्थीहरूको अनिवार्य उपस्थिति गराउने ।

## परिच्छेद ७
## वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनमा विभिन्न निकायहरूको जिम्मेवारी

१७. **नगरपालिकाको काम कर्तव्य र अधिकार:**

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सम्बन्धित सरोकारवालासँग समन्वय गर्ने ।

(ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि रोजगार सेवा केन्द्र, माध्यमिक विद्यालयमार्फत सेवा प्रदान गर्ने प्रबन्ध मिलाउने ।

(ग) वृत्ति मार्गनिर्देशन सेवामा आवद्ध जनशक्तिलाई क्षमता अभिवृद्धि तालिमको लागि सहयोग गर्ने ।

(घ) आवश्यक पर्ने सूचना, सञ्चार तथा सिकाई सामग्रीको लागि सहयोग गर्ने ।

(ङ) वृत्ति मार्गनिर्देशन सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि प्राविधिक सहयोग गर्ने ।

(च) वृत्ति मार्गनिर्देशन सेवाको लागि आवश्यक सूचना, तथ्याङ्क तथा विवरणको डाटावेश प्रणाली विकासको लागि सरकारी, गैह्र सरकारी, विकास साझेदार तथा निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गर्ने ।

(छ) वृत्ति मार्गनिर्देशन शिक्षकको क्षमता अभिवृद्धिको लागि प्रदेश सरकारअन्तर्गत स्थापना भएको वृत्ति मार्गनिर्देशन सेवा केन्द्रसँग समन्वय तथा सहकार्य गर्ने ।

(ज) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने ।

(झ) वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन, अवलोकन तथा सिकाईलाई संस्थागत गर्ने ।

१८. <u>निजी क्षेत्र तथा उद्योग व्यवसायी संघ/महासंघ काम कर्तव्य र अधिकार:</u>

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सहयोग तथा समन्वय गर्ने ।

(ख) बजारको माग अनुसारको आवश्यक सीप तथा क्षमताको पहिचान गरी जानकारी उपलब्ध गराउने।

(ग) श्रम बजारको अवस्थाको जानकारी तथा अभिमुखीकरणको लागि सहजीकरण गर्ने।

(घ) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि विभिन्न उद्योग व्यवसायमार्फत सहजीकरण गर्ने।

(ङ) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने।

(च) वृत्ति मार्गनिर्देशन सेवाको आवश्यक सूचना, तथ्याङ्क साथै सिकाई र असल अभ्यासलाई प्रचार प्रसार गर्ने।

(छ) वृत्ति विकास कार्यमा संलग्न जनशक्तिलाई क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने ।

(ज) वृत्ति विकास सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने।

१९. <u>प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम शिक्षालय/विद्यालय/संस्थाको काम कर्तव्य र अधिकार:</u>

(क) वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको लागि सहयोग तथा समन्वय गर्ने ।

(ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि सहजीकरण गर्ने ।

(ग) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालाहरूसँग सञ्चार तथा समन्वय गर्ने ।

(घ) वृत्ति मार्गनिर्देशन सेवाको अवलोकन तथा सिकाईलाई प्रचार प्रसार गर्ने ।

(ङ) रोजगार पदस्थापन तथा वृत्ति मार्गनिर्देशन सेवा कार्यान्वयन इकाइमार्फत वृत्ति मार्गनिर्देशनमा पहुँच अभिवृद्धिका लागि सहयोग गर्ने ।

(च) आवश्यक पर्ने सूचना शिक्षा सञ्चार सम्बन्धी प्रचार प्रसारको लागि सहयोग गर्ने ।

(छ) वृत्ति विकास सेवालाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने ।

(ज) वृत्ति मार्गनिर्देशन सेवाको बारेमा सम्बन्धित सम्पूर्ण विद्यार्थी तथा अभिभावकलाई जानकारी गराउने।

२०. <u>युवा परिषद/युवा क्लब/सञ्जालको काम कर्तव्य र अधिकार:</u>

(क) वृत्ति मार्गनिर्देशन सेवाहरूको बारेमा प्रचार प्रसारको लागि सहयोग तथा समन्वय गर्ने ।

(ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि आवश्यक सहयोग गर्ने ।

(ग) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने ।

(घ) वृत्ति मार्गनिर्देशन सेवाको सिकाई र असल अभ्यासलाई प्रचार प्रसार गर्ने ।

(ङ) वृत्ति मार्गनिर्देशन सेवाको दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि समन्वयात्मक सहयोग गर्ने ।

२१. <u>शिक्षा क्षेत्रमा कार्यरत संघ/महासंघ</u>

(क) वृत्ति मार्गनिर्देशन सेवाहरूको बारेमा प्रचार प्रसारको लागि सहयोग तथा समन्वय गर्ने ।

(ख) वृत्ति मार्गनिर्देशन सेवाको पहुँच अभिवृद्धिको लागि आवश्यक सहयोग गर्ने ।

(ग) वृत्ति मार्गनिर्देशन सेवाको दिगोपनको लागि सरोकारवालासँग सञ्चार तथा समन्वय गर्ने ।

(घ) वृत्ति मार्गनिर्देशन सेवाको सिकाई र असल अभ्यासलाई प्रचार प्रसार गर्ने ।

(ङ) वृत्ति मार्गनिर्देशन सेवाको दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि मातहतका विद्यालयलाई समन्वयात्मक सहयोग गर्ने ।

२२. **विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार:**

(१) विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहसँग द्विपक्षिय सम्झौताको लागि पहल गर्ने ।

(ख) वृत्ति मार्गनिर्देशन सत्रको अनुगमन तथा सुपरिवेक्षण गरी गुणस्तर सुनिश्चित गर्ने ।

(ग) वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनको लागि चाहिने आवश्यक सामग्रीको व्यवस्थापन गर्न पहल गर्ने ।

(घ) सिकाई सामग्रीहरू विद्यालयमा सुरक्षित राख्ने व्यवस्था गर्ने ।

(ङ) वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनका लागि शिक्षक छनौट गर्ने ।

(च) छनौट भएका शिक्षकहरूलाई वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनसम्बन्धी तालिम, पुनर्ताजगी तालिममा पठाउने ।

(छ) वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी प्राविधिक सहयोगको लागि स्थानीय तह र वृत्ति मार्गनिर्देशन सेवा केन्द्रसंग समन्वय गर्ने ।

(ज) वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनको लागि आवश्यक सम्पूर्ण व्यवस्थापनमा सहयोग गर्ने ।

## परिच्छेद ८

## वृत्ति मार्गनिर्देशन कर्यक्रमको  लक्षित वर्ग, विद्यालय छनौट, मानब संशाधन र क्षमता अभिवृद्धि

२३. **वृत्ति मार्गनिर्देशन क ार्यक्रमको उद्देश्य**: (१) विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन गर्नुको मुख्य उद्देश्य देहायबमोजिम रहेको छः

(क) विद्यार्थीहरूले वृत्ति विकासको अवधारणाहरूको बारेमा जानकारी पाउनेछन् ।

(ख) विद्यार्थीहरूले आफ्नो रुचि, खुवि र क्षमताअनुसार वृत्तिको छनौट तथा सोको तयारी बारे विस्तृत जानकारी पाउनेछन् ।

(ग) विद्यार्थीहरूले शिक्षाको संसार र श्रम बजारबारे जानकारी पाउनेछन् ।

(घ) विद्यार्थीहरूले आफ्नो क्षमता र छनौट गरेको वृत्तिको आधारमा लक्ष्य तय गरी व्यक्तिगत योजना बनाउन सक्षम हुनेछन् ।

(ङ) विद्यार्थीहरूले नेपालको शिक्षा प्रणाली र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको बारेमा जानकारी पाउनेछन् ।

(२) सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका विद्यार्थीहरू यस सेवाको लक्षित वर्ग हुनेछन् ।

२४. **विद्यालय छनौटका आधार:**

(क) वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनको लागि स्थानीय तह अन्तर्गतका सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरूको संख्या, कार्यक्रम प्रतिको रुचि तथा कार्यसम्पादनको आधारमा छनौट गर्नुपर्नेछ ।

(ख) वृत्ति मार्गनिर्देशन सेवासञ्चालनको लागि विद्यालय (सामुदायिक तथा संस्थागत) तोकिएबमोजिम छनौट गर्नुपर्नेछ ।

(ग) वृत्ति मार्गनिर्देशन कार्यक्रमको लागि एक पटक विद्यालय छनौट भएपछि नियमित रुपमा प्रत्येक वर्ष कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

२५. **<u>मानव संशाधनको व्यवस्थाः</u>**

(१) विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन गर्न कम्तीमा २ जना वृत्ति मार्गनिर्देशन शिक्षकहरूको छनौट गर्नु पर्नेछ। विद्यार्थी संख्याको आधारमा वृत्ति मार्गनिर्देशन शिक्षक संख्या बढाउन सकिनेछ । यी शिक्षकहरूलाई सम्बन्धित विद्यालयले छनौट गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयले वृत्ति मार्गनिर्देशन शिक्षकको छनौट गर्दा देहायको योग्यता तथा मापदण्डअनुसार प्राथमिकता दिनुपर्नेछः

(घ) स्थायी शिक्षक हुनुपर्ने ।

(ङ) सम्भव भएसम्म माध्यमिक तहको शिक्षक हुनुपर्ने ।

(च) वृत्ति मार्गनिर्देशन शिक्षकको रूपमा काम गर्न इच्छा भएको हुनुपर्ने ।

(छ) लोकप्रिय, मिलनसार र सहजीकरण क्षमता भएको हुनुपर्ने ।

(ज) सामाजिक, विज्ञान, नेपाली वा अंग्रेजी पढाउने शिक्षकलाई विशेष ग्राह्यता दिनुपर्ने ।

(झ) एउटा विद्यालयबाट एक पुरुष र एक महिला शिक्षक हुनुपर्ने ।

(ञ) कम्प्युटर तथा डाटाबेश प्रणालीसम्बन्धी ज्ञान भएको हुनुपर्ने ।

(३) वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन गर्न छनौट भएका शिक्षकहरूको सेवा सुविधा तोकिएको नर्म्सअनुसार निर्देशक समितिले कार्यपालिकामा भएको छलफल तथा निर्णयअनुसार गर्नुपर्नेछ ।

२६. **<u>क्षमता अभिवृद्धि तालिमको व्यवस्थाः</u>** वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनको लागि छनौट गरिएका शिक्षकहरूको क्षमता अभिवृद्धिको लागि स्थानीय तहले प्रदेशस्तरीय वृत्ति मार्गनिर्देशन सेवा केन्द्रसँग समन्वय गरी निर्देशक समितिको सिफारिसमा आफ्नै श्रोत अथवा अन्य सरोकारवालाहरूको समन्वयमा प्रशिक्षक प्रशिक्षण (७ दिने ToT) तालिम सञ्चालन गर्नेछ ।

## परिच्छेद ९
## अनुगमन तथा सुपरीवेक्षण सम्वन्धी व्यवस्था

२७.**वृत्ति मार्गनिर्देशन सेवाको अनुगमन तथा सुपरीवेक्षणः** वृत्ति मार्गनिर्देशन सेवाको गुणस्तरीयता र प्रभावकारिताको लागि अनुगमन तथा सुपरीवेक्षण स्थानीय तह, शिक्षा युवा तथा खेलकूद शाखा र निर्देशक समितिबाट हुनेछ। विद्यालयमा सञ्चालन हुने वृत्ति मार्गनिर्देशन कार्यक्रमको समय समयमा स्थानीय तहलगायत सम्बन्धित निकायबाट अनुगमन गरी आवश्यक सल्लाह सुझाव एवं पृष्ठपोषण दिन सक्नेछ ।

२८. **<u>प्रतिवेदन सम्बन्धमाः</u>** वृत्ति मार्गनिर्देशन सेवाको कार्यक्रम सम्पन भइसकेपछि विद्यालयले त्रैमासिक/बार्षिक प्रतिवेदन स्थानीय तह र निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ। त्रैमासिक/ बार्षिक प्रतिवेदनको ढाँचा अनुसूची ७ बमोजिम हुनेछ। साथै वृत्ति मार्गनिर्देशन शिक्षकले विद्यार्थीहरूले छनौट गरेको वृत्तिहरू अनलाइन डाटावेसमा प्रविष्ट गरी सोको प्रतिलिपि प्रगति प्रतिवेदनसँगै निर्देशक समितिसमक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद १०

## विविध

२९. **<u>सेवा शुल्क सम्बन्धी व्यवस्था:</u>** वृत्ति मार्गनिर्देशन सेवा (सूचना, परामर्श, तथा अन्य सेवा) उपलब्ध गराए वापत सेवाग्राहीबाट कुनै किसिमको शुल्क लिन पाइने छैन।

३०. **<u>जिन्सी सामान स्वीकार गर्न सक्ने:</u>** नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूले वृत्ति मार्गनिर्देशन कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनको लागि आवश्यक नगदवाहेक अन्य जिन्सी सामग्रीहरू प्रदान गर्न चाहेमा प्रचलित कानुन बमोजिमको प्रक्रिया पुरा गरी स्थानीय तहको सहमतिमा निर्देशक समितिले निर्णय गरी उक्त सामग्रीहरू स्वीकार गर्न सक्नेछ ।

३१. **वृत्ति मार्गनिर्देशन कार्यक्रमको दीगोपनः** वृत्ति मार्गनिर्देशन कार्यक्रमको दीगोपनाको निम्ति तिनै तहको सरकारहरू (संघीय, प्रदेश र स्थानीय) बीच समन्वय गरी र बजेट साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

३२. **<u>वाधा अड्चन फुकाउने अधिकार:</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या वा द्धिविधा उत्पन्न भएमा प्रचलित कानूनको अधिनमा रही वाधा अड्चन फुकाउने कार्य स्थानीय तहले गर्नेछ ।

३३. **<u>कार्यविधि संशोधनः</u>** यस कार्यविधिलाई आवश्यक अनुसार संशोधन स्थानीय तहले गर्न सक्नेछ ।

**अनुसूची-१**

**सम्भावित सेवाहरूको प्रक्रियागत विवरणः**


| प्रदान गरिने सेवाहरू | उद्देश्य | सम्भावित कार्यहरू | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| व्यक्तिगत विवरणको विश्लेषण तथा मूल्याङ्कन | विद्यार्थी तथा युवाहरूको व्यक्तिगत पृष्ठभूमिको आधारमा सान्दर्भिक सूचनाहरूको बारेमा जानकारी दिनु | व्यक्तिगत तथ्याङ्क फाराम भर्ने | नयाँ आउने कक्षा ९ र १० का विद्यार्थीहरूको अन्तिम सूचीको नामावली संकलन गर्ने । बेरोजगार युवाहरूको रोजगार सेवा केन्द्रसँग समन्वय गरी सूची तयार गर्ने |
| | विभिन्न शैक्षिक धारमा जान चाहने इच्छुक विद्यार्थी तथा युवाहरूलाई नयाँ तथा सम्मानित पेसाहरूमा जानकारी गरी आकर्षक वातावरणको लागि आवश्यक सेवाहरू (Transition Services) प्रदान गर्नु | विभिन्न शैक्षिक धारमा जान चाहने इच्छुक विद्यार्थी तथा युवाहरूसँगको छलफल तथा अन्तर्वार्ता लिने | विभिन्न शैक्षिक धारमा जान चाहने इच्छुक विद्यार्थी तथा युवाहरूसँगको अन्तर्वार्ताको लागि प्रधानाध्यापक, स्थानीय तहसँग समन्वय |
| | विगतमा विद्यालयले गरेको भएको समग्र कार्यसम्पादनको जानकारी तथा उत्तीर्ण परिणामको विवरणको तयारी गर्नु | विद्यालय प्रशासन तथा प्रधानाध्यपकहरूसँगको छलफल तथा सम्मेलन गर्ने | विद्यालय प्रशासन तथा प्रधानाध्यपकहरूसँगको छलफल तथा सम्मेलन लागि पत्राचार तथा सूचना सम्प्रेषण |
| सूचना तथा जानकारी प्रवाह | वृत्ति मार्गनिर्देशन कार्यक्रमको अवधारणा र महत्व, पाठ्यक्रम र सिकाइ सामग्रीहरू समावेश गर्न सहयोग गर्नु | वृत्ति सम्बन्धी चेतना अभिवृद्धि गर्ने | वृत्ति मार्गनिर्देशन कार्यक्रमको प्रस्तुतिसम्बन्धी शिक्षक तथा प्रशासनका कर्मचारी सम्बन्धी बैठक तथा तयारी |
| | शैक्षिक संस्थाहरूमा अध्ययन हुने बिषयबस्तु र वृत्ति मार्गनिर्देशनको सम्बन्धमा अनुसन्धानमार्फत वृत्ति विकासको छनौटमा सहयोग गर्नु | प्रशिक्षणमार्फत वास्तविक जाँचबुझ आफ्नो दृष्टि (vision)को छनौट तथा परिभाषित गर्ने | वृत्ति विकास संग्रहको ग्यालरी बनाई विद्यार्थी तथा युवाहरूलाई अवलोकन गर्ने, विभिन्न कक्षाका विद्यार्थीहरू जम्मा गरी आफ्नो रुचि र खुविअनुसार व्यक्तिगत वृत्तिको छनौट गर्ने |
| | समतामूलक समाज निर्माणमा योगदान गर्नको लागि आफूले छनौट गरेको वृत्तिको महत्व र औचित्यको पहिचान गर्ने | अनुभवी विज्ञहरूको सिकाई आदान-प्रदान गर्ने | विभिन्न क्षेत्रबाट अभिभावकहरूलाई आफ्नो वृत्ति विकासको तयारी, अनुभव र सिकाईहरू आदान प्रदान गर्ने गराउने |
| | सञ्चालन भएका कार्यहरूबाट विद्यार्थी तथा युवाहरूले सिकाइको बारेमा समीक्षा | समीक्षा तथा योजना कार्यशाला सञ्चालन गर्ने | विद्यार्थी तथा युवाहरूले आफ्नो आफ्नो सिकाई तथा अनुभवको |

| प्रदान गरिने सेवाहरू | उद्देश्य | सम्भावित कार्यहरू | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| | गरी विद्यार्थीहरूलाई सहजीकरण गर्नु | | समिक्षा कागजमा लेख्न लगाउने |
| परामर्श | वृत्ति छनौटमा कठिनाइ भएका विद्यार्थी तथा युवाहरूलाई परामर्श तथा सहयोग प्रदान गर्नु | व्यक्तिगत परामर्श दिने | व्यक्तिगत परामर्श सञ्चालन गर्ने |
| | विद्यार्थी तथा युवाहरूले आफ्नो इच्छा गरेको पेसा र वास्तविक जीवनमा हासिल गरेका शैक्षिक उपलब्धिहरूको विश्लेषण गर्नु | वृत्ति विश्लेषण प्रोफाइल सिट तयार गर्ने | वृत्ति सम्पन्नमा विद्यार्थी तथा युवाहरूसँग छलफल तथा अन्तर्क्रिया गर्ने |
| पदस्थापन (Placement Support) | व्यक्तिगत आचरण/व्यवहारले शैक्षिक/व्यावसायिक तथा वृत्ति विकासमा पार्ने प्रभावको प्रस्तुति गर्नु | आफ्नो क्षमता र पहिचानको बारेमा अनलाईन गेम मार्फत आकलन गर्ने/गराउने | व्यक्तिगत रुचि र आचरणको लागि ग्रेडस्तर मूल्याङ्कन गर्ने |
| | विद्यार्थी तथा युवाहरूलाई उनीहरूको क्षमता अनुसार कार्यको लागि उपयुक्त ठाउँको पदस्थापनको लागि गाइड गर्नु | आफू सुहाउदो ठाउँ कामको संसारमा पत्ता लगाउने विभिन्न गोष्ठी तथा Symposiumहरू सञ्चालन गर्ने | वृत्ति मार्गनिर्देशन क्रियाकलापहरूको योजनाको लागि विद्यालय प्रशासन तथा शिक्षकहरूसँग गोष्ठी/कन्फरेन्स |
| | वृत्ति विकासको लागि विद्यालय र श्रम बजारसँगको अन्तरसम्बन्ध बिस्तार गर्न पुलको भूमिका निर्वाह गर्नु | आफ्नो वृत्ति विकासको तयारीको लागि सोधखोज गर्ने | |
| | आफ्नो गन्तब्यमा कसरी पुग्ने भन्ने भविस्यको योजना तयारी गर्न व्यक्तिले सिक्नु पर्ने विषयहरू बारेमा सचेत गराउनु | वृत्ति पाश्वचित्र वा गोष्ठी वा वृत्ति अन्तर्वार्ता गर्ने | |
| | कामले व्यक्तिगत तथा पारिवारिक तहमा ठूलो प्रभाव पर्दछ भन्ने बुझाईको विकास गर्नु | वृत्ति तथा श्रम बजार मेला आयोजना गर्ने | |
| | छनौट गरिएको वृत्ति सफलताको लागि अपनाईएको उत्प्रेरणा तथा प्रयास तय गर्नु | आफ्नो भविष्यको तयारीको लागि आफैलाई पत्र वा समिक्षा गर्ने | |
| रिफरल सेवा | विशेष आवश्यकता र ध्यान केन्द्रित गर्नुपर्ने विद्यार्थी तथा युवाहरूलाई सहयोग गर्नु | विद्यार्थी तथा युवाको ट्र्याक रेकर्ड तथा प्रतिवेदन हेरी विश्लेषण गर्ने | यस्ता मुद्दाको लागि उपयुक्त व्यक्तिको सहयोगको लागि समन्वय गर्ने |

| प्रदान गरिने सेवाहरू | उद्देश्य | सम्भावित कार्यहरू | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| अनुसन्धान (कम्तीमा एउटा अध्ययन गर्ने क्षेत्रको छोटो लेख लेख्ने) तथा मूल्याङ्कन | विभिन्न अनुसन्धान विधिहरूमार्फत आफ्नो वृत्ति छनौट गर्नको लागि विद्यालय, घर, तथा समुदायमा उपलब्ध श्रोतहरूको उपयोग गर्न विद्यार्थीहरूलाई सहयोग गर्नु | प्रयोगात्मक क्रियाकलापः यसको वृत्ति छनौटमा भूमिका | वृत्ति अनुसन्धान प्रस्तुति तथा छलफल |
| | शैक्षिक वर्षभित्र संचालित क्रियाकलापहरूको प्रभाव मूल्याङ्कन गर्नु | सर्वेक्षण गर्ने | विद्यार्थी, अभिभावक, शिक्षक तथा प्रशासनका कर्मचारीहरूलाई सर्वेक्षण सिट प्रदान गर्ने |

अनुसूची – २

वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनको विस्तृत ढाँचा



## अनुसूची - ३

## वृत्ति मार्गनिर्देशन सेवा इकाइको लागि आवश्यक न्यूनतम सामग्री

| क्र.स. | विवरण | संख्या | उदेश्य |
|---|---|---|---|
| १ | कोठा | १ | Psychometric test सेवा कक्षा र एकल वा सामुहिक परामर्श सेवा कक्षा |
| २ | फर्निचर सामग्री | आवश्यकताअनुसार | १५-२० जना बस्न मिल्ने U आकारको टेबुल, १५-२० वटा प्लास्टिक/स्टीलको कुर्सि, एउटा स्टयान्ड भएको सेतो बोर्ड, एउटा स्टयान्ड भएको नोटिस बोर्ड, व्यक्तिगत परामर्शका लागि दुईवटा कुर्सि र सानो गोलो टेबुल, दराज, आदि |
| ३ | विद्युतीय सामग्री (IT equipment) | आवश्यकताअनुसार | ६५-७५" सम्मको स्मार्ट बोर्ड वा ल्यापटप, प्रिन्टर, प्रोजेक्टर |
| ४ | स्टेसनरी सामग्री | आवश्यकताअनुसार | प्रशासनिक व्यवस्थापन |
| ५ | वृत्ति मार्गनिर्देशन पुस्तकालय | आवश्यकताअनुसार | वृत्ति मार्गनिर्देशन र TVET संग सम्बन्धित सम्पूर्ण जानकारीमूलक पुस्तक, फ्लायर, लिप्लेट आदि |
| ६ | सरसफाई सामग्री | आवश्यकताअनुसार | इकाइको सरसफाई व्यवस्थापन |
| ७ | जानकारीमूलक सामग्री | आवश्यकताअनुसार | कोठाको भित्ताहरूमा विभिन्न पेसा/वृत्ति हरूको जानकारीमूलक फ्लेक्स र जानकारी पत्रहरू, वृत्ति विकासका सम्भावित पथहरूको जानकारीमुलक फ्लेक्सहरू, |
| ८ | विविध सामग्री | आवश्यकताअनुसार | |

# अनुसूची - ४

## <u>करियर ल्याब (Career Lab) स्थापना</u>को लागि आवश्यक न्यूनतम सामग्री

| क्र.स. | विवरण | संख्या | उदेश्य |
|---|---|---|---|
| १ | कोठा | १ | Psychometric test सेवा कक्षा र एकल वा सामुहिक परामर्श सेवा कक्षा |
| २ | फर्निचर सामग्री | आवश्यकताअनुसार | व्यक्तिगत र सामुहिक परामर्शका लागि कुर्सि, टेबुल र दराज आदि आवश्यकताअनुसार |
| ३ | विद्युतीय सामग्री (IT equipment) | आवश्यकताअनुसार | स्मार्ट बोर्ड वा ल्यापटप, प्रिन्टर, प्रोजेक्टर |
| ४ | स्टेसनरी सामग्री | आवश्यकताअनुसार | प्रशासनिक व्यवस्थापन |
| ५ | वृत्ति मार्गनिर्देशन पुस्तक तथा जानकारी मुलक सामग्री | आवश्यकताअनुसार | वृत्ति मार्गनिर्देशन र TVET सँग सम्बन्धित सम्पूर्ण जानकारीमूलक पुस्तक, फ्लायर, लिफ्लेट आदि |
| ६ | सरसफाई सामग्री | आवश्यकताअनुसार | इकाइको सरसफाई व्यवस्थापन |
| ७ | जानकारीमुलक सामग्री | आवश्यकताअनुसार | कोठाको भित्ताहरूमा विभिन्न पेसा/वृत्तिहरूको जानकारीमूलक फ्लेक्स र जानकारी पत्रहरू, वृत्ति विकासका सम्भावित पथहरूको जानकारीमूलक फ्लेक्सहरू |
| ८ | विविध सामग्री | आवश्यकताअनुसार | |

## अनुसूची - ५

### वृत्ति मार्गनिर्देशन सेवाको लागि संयोजक/सहजकर्ताको योग्यता तथा छनौट मापदण्ड

सेवा सञ्चालन रहेको कार्यालयको अधिकृतस्तको जनशक्तीलाई संयोजक, सहजकर्ता र व्यवस्थापकको रुपमा जिम्मेवारी प्रदान गर्न सकिनेछ। उक्त जनशक्तिलाई सेवासम्बन्धी साथै अन्य थप कर्मचारीहरूको आवश्यकता भएमा वा कुनै संघ संस्थाहरूबाट जनशक्ति उपलब्ध गराउन चाहेका तपसिलअनुसार हुनुपर्नेछः

१. मनोसामाजिक, समाजशास्त्र वा अन्य बिषयमा स्नातकोत्तर उत्तीर्ण हुनुपर्ने ।
२. सम्बन्धित क्षेत्रमा कम्तीमा १ वर्षको अनुभव हुनुपर्ने ।
३. वृत्ति मार्ग-निर्देशन/परामर्शसम्बन्धी तालिम प्राप्त गरेको हुनुपर्ने ।
४. कम्प्युटरसम्बन्धी जानकारी हुनुपर्ने ।
५. नेपाली र अंग्रेजी भाषा लेख्न र बोल्न सक्ने हुनुपर्ने ।
६. समन्वय/सहजीकरण गर्न सक्ने क्षमता हुनुपर्ने ।
७. प्रतिवेदन लेख्न सक्ने हुनुपर्ने ।
८. वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको समग्र व्यवस्थापन गर्न सक्ने क्षमता हुनुपर्ने ।

## अनुसूची - ६
## विद्यालय छनौटका आधार

वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनको लागि सामुदायिक तथा संस्थागत विद्यालय छनौटका आधार निम्न बमोजिम हुनेछः

१. माध्यमिकस्तरको विद्यालय हुनुपर्ने ।

२. बिपन्न तथा पिछडिएको वर्गको बिद्यार्थीहरूको सहभागिता भएको विद्यालयलाई प्राथमिकता दिनुपर्ने ।

३. दुर्गममा अवस्थित विद्यालयहरूलाई प्राथमिकता दिनुपर्ने ।

४. विगतको कार्य सम्पादनको मूल्याङ्कनको आधारमा गर्नुपर्ने ।

**अनुसूची - ७**

**वृत्ति मार्गनिर्देशन कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा**

वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन

**सम्पन्न प्रतिवेदन**

(प्रतिवेदन अवधिः मिति ...................... देखि मिति ..................... सम्म)

प्रतिवेदन पेश गरिएको संस्था:

शिक्षा, युवा तथा खेलकुद शाखा
कागेश्वरी मनोहरा नगरपालिका
थली, डाँछी, काठमाडौं

प्रतिवेदन पेश गर्ने संस्था:

..........................................

...............................

## वृत्ति मार्गनिर्देशन कार्यक्रम सम्पन प्रतिवेदन

1. कार्यक्रमको परिचय :
2. कार्यक्रमको उद्देश्य :
3. वृत्ति मार्गनिर्देशन सम्बन्धी विस्तृत प्रगति विवरण

क) सेवाग्राहीको संख्यात्मक विवरणः

| क्र.सं. | वृत्ति सेवा | सेवाग्राही संख्या | | कैफियत |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | | | | |
| २ | | | | |
| | | | | |
| जम्मा सेवाग्राही संख्या | | | | |

ख) वृत्ति परामर्श सम्बन्धी भएका कक्षाहरूको विवरणः

| क्र. सं. | विषय | घण्टा |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

4. युवा/विद्यार्थीहरूको अनुभब :
5. वृत्ति मार्गनिर्देशक परमर्शकर्ताको अनुभब तथा सिकाई :
6. वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको समग्र अनुभब तथा सिकाईः
7. समग्र उपलब्धीहरूः
8. सुधारको लागि सुझाब तथा सल्लाहः
9. अनुसूची

................................

आज्ञाले
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाले पारित गरेको मिति २०८१।३।०९
प्रमाणिकरण मिति २०८१।३।०९
राजपत्रमा प्रकाशन मिति २०८२।४।५